नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २१७ २०८० साल चैत २० गते मंगलबार (2 Apr. 2024 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : माध्यमिक शिक्षा परीक्षा ... ३ पृष्ठमा : कागजमा लैङ्गिक समानता,... ३ पृष्ठमा : गाजामा ६०० इजरायली ...

# कार्यालय प्रमुखमाथी हातपात तथा दुर्व्यहार भएको भन्दै कर्मचारी आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

पूर्वाधार विकास कार्यालय सप्तरीका प्रमुखमाथी भएको हातपात तथा दुर्व्यहारको बिरोधमा त्यहाका सम्पूर्ण कर्मचारीहरु कामकाज ठप्प पारि आन्दोलनमा उत्रेका छन् ।

कार्यालय प्रमुख प्रविण प्रताप अधिकारीमाथी प्रदेशसभा सदस्यको टोलीद्वारा हातपात र दुर्व्यबहार भएको भन्दै उनीहरु सोमवार कार्यालयको कामकाज ठप्प पार्दै आन्दोलनमा उत्रेका हुन् ।

जनमत पार्टीका तर्फबाट प्रदेशसभा सदस्य महेश प्रसाद यादव, मो.सकिल अली, शम्भु प्रसाद साह लगायतको नेतृत्वमा रहेको टोलीले अघिल्लो दिन आइतवार कार्यकक्ष मै आएर कार्यालय प्रमुख अधिकारीमाथी हातपात र दुर्व्यबहार गरेको आन्दोलनमा उत्रेका कर्मचारीहरुको भनाई छ ।

टाउको र हातमा कालो पट्टी बाँधेर कार्यालय परिसर मै धर्नामा वसेका कर्मचारीहरुले घट्नाका दिन दुर्व्यबहारका दृश्य कैद भएका कार्यालयको सिसी टिभी फुटेजको प्रमाणका आधारमा छानवीन गरी दोषीमाथी कारवाही तथा कार्यालयमा काम गर्ने सुरक्षित वातावरणको प्रत्याभुतीको माग गरेका छन् ।

प्रदेशसभा सदस्य महेश प्रसाद यादवले हातपातको कुरा अस्विकार गर्दै विचौलियाको प्रभावमा परेर जथाभावी योजना बाँडेको विरोध आफुसँग सामान्य वादविवाद मात्र भएको दाबी गरेका छन् ।

यता कार्यालय प्रमुख अधिकारी र सूचना अधिकारी तपेश्वर कुमार साहद्वारा सोमबारै जारि विज्ञप्तिमा सम्पूर्ण कर्मचारीहरुको जिउधनको सुरक्षाको प्रत्याभुती र दोषिमाथी कडा कारवाहीको माग गरेका छन् ।

जारि विज्ञप्तिमा प्रदेशसभा सदस्य सकिल अलि, हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख बिरेन्द्र माझी र प्रदेशसभा सदस्य शम्भु साहसँग कार्यालय प्रमुखको कक्षमा योजना सम्बन्धी छलफल तथा बहस भई सबै जना लेखा शाखामा गएर छलफल गर्ने क्रममा प्रदेशसभा सदस्य सकिल अलीले पटक पटक टेबल ठोक्नुका साथै गालिगलौज गरेको जारि उल्लेख छ । राजविराज वडा नं. १३ का वडा सदस्य चन्द्रिका यादवसहित १५/२० जनाको समूह आएर सो वडामा पर्ने सबै योजनाहरु बारे छलफल गरेर निश्कर्षमा पुगिसकेको अवस्थामा प्रदेशसभा सदस्य महेश यादव र उनीसँग आएका धिरेन्द्र यादवले कुनै छलफल नगरि कार्यालय प्रमुख अधिकारीमाथी गालिगलौज तथा हातपात गरेको विज्ञप्तिमा जनाइएको छ ।

आन्दोलनरत कर्मचारीहरुले

***बाँकी अन्तिम पृष्ठमा***

## पालिका प्रमुखहरुको बैठक

**दैनिक समाचारदाता**
**राजविराज, १९ चैत ।**

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिव नारायण साहको अध्यक्षतामा सोमबार पालिका प्रमुखहरुको बैठक बसेको छ ।

बैठकले योजना बाँडफाँडमा विचौलियाको प्रभाव रोक्न पुर्वाधार विकास कार्यालयबाट प्रदान गरिने योजना सम्बन्धि पत्र सोझै सम्बन्धित पालिकालाई बुझाउनु पर्ने माग गरेका छन् ।

बैठकले सो विषयबारे अगामी चैत्र २१ गते बुधवार आवश्यक निर्णय लिन जिल्लाका १८ वटै पालिका प्रमुखहरुको बैठक बोलाउने निर्णय समेत गरेको छ ।

## सरसफाइप्रति पवित्री देवीको मोह

**दैनिक समाचारदाता**
**सिरहा, १९ चैत ।**

सिरहा नगरपालिका वडा नं. २ महरा टोल बस्ने बर्ष ४५ को पवित्री देवी महरा ३ छोरी र १ छोरा कि आमा हुन । केहि वर्ष अगाडि उनकोजेठी छोरीको बिवाह भई सकेको छ भने छोरा भर्खरै १९ बर्षको भएको छ भने सानो दुई छोरीहरु क्रमशः १४ र १२ बर्षको भएको छ ।

न्युन आयस्तर तथा ठुलो परिवार भएकोले घरको आर्थिक समस्याहरुको सामाधानका लागिपवित्री महराको श्रीमान बैदेशिक रोजगारीको लागि बिदेशिएको छ । यो बाहेक उनले विभिन्न समयहरुमा अरुको खेतवारीमा ज्याला मजदुरी गर्ने गरेको एवंथप आम्दानिका लागि बाख्रापालन समेत गर्दै आईरहेकि छिन् ।केहि वर्ष अगाडि मात्र उनले ठुली छोरीको बिहे गरेकि छिन भने माईलि छोरी कक्षा ५ मा अध्यनरत्त छिन भने कान्छि छारीको अहिलेसम्म बिद्यालयमा भर्ना गरिएको छैन ।१ मात्र छोराले ३ कक्षा सम्म पढेर विचमै पढाई छाडेका छन ।

विगत एक दशकमा सरससफाइको क्षेत्रमा निक्कै नै परिवर्तन भएको उनले आफनै आँखाले देखेका र भोगेका छिन यद्यपि उनले सरसफाइलाई कहिले पनि प्राथमिकतामा राखिनन् । नेपालमा सन् २०१४ देखि सन् २०१८ सम्म चलेको खुल्ला दिसा मुक्त क्षेत्रको वृहत अभियानको समयमा अभियानकर्मीहरुको दवावमा उनले आफने घरमा कंक्रिट रिङ्गको अस्थायी चर्पी वनाईन तर केहि महिना नवित्दै उक्त चर्पी भत्केर गयो र नाम मात्रको चर्पी भएकोले मुस्किलले एक दुई साता मात्र प्रयोग भएको थियो । नाम मात्रको चर्पी भएकोले उनका परिवार सधै वाहिर नै दिसा पिसाव गर्दै आईरहेको थियो ।

बाढिको दृष्टिकोणले उनका गाँउ बाढि प्रभावित क्षेत्रहुन समय समयमा गाँउमा पानी जमेर बाढि समेत पस्ने गरेको छ । बर्षाको समयमा चर्पी गर्न जान निकै कठिनाई हुेने गरेको र त्यो वेला चर्पीको आवश्यकता महशुस समेत हुने गरेको तर केहि दिनमा वर्षा सकेपछि फेरी उनी ती समस्या विर्सन्छन र नियमित बाहिर जाने गरेको उनी बताउछिन् । हुन त छोरीहरुले कयौ पटक चर्पी चाहिन्छ

***बाँकी अन्तिम पृष्ठमा***


# आवश्यकता

यस पि.पि.आर. कम्पनी प्रा.लि. का लागि सप्तरी वरिपरीका क्षेत्रमा सक्रिय एवं योग्य Medical Represntative कर्मचारीहरुको आवश्यकता भएकोले ईच्छुक महिला वा पुरुषले आ-आफ्नो सबै शैक्षिक प्रमाणपत्रहरु सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस संस्थाको शाखा कार्यालय जनकपुरधाम हस्पिटल रोडमा सम्पर्क राख्न यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक योग्यता**

– विज्ञान विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको ।
– मोटरसाइकल चालक अनुमतिपत्र (लाइसेन्स) भएको ।
– सम्बन्धित क्षेत्रको ज्ञान तथा अनुभविलाई बढी ग्राहयता दिइने छ ।

***नोट :***

– मेडिकल क्षेत्रका HA, Nursing, Pharmacy आदि उत्तिर्ण गरेका उम्मेदवारहरुले पनि निवेदन दिन सक्नेछन् ।
– तलब तथा अन्य सुविधाहरु आपसी समझदारीमा तय गरिनेछ ।

**सम्पर्क**
**शाखा कार्यालय जनकपुरधाम**
**हस्पिटल रोड**
**मो. नं. ९८१७८८१८९०**



## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

➢ आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधै लगआउट गरौ ।
➢ अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
➢ साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
➢ अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
➢ सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ।
➢ सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
➢ सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
➢ कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं।
➢ शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
➢ सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### परिक्षा मर्यादित नहुनुमा दोषि को ?

अहिले देशैभरि माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन भईरहेको छ । यो परिक्षा हरेक वर्ष हुने गरेको छ । विगतमा यसलाई एसएलसी भनिने गरिन्थ्यो भने अहिले नाम परिमार्जन गरेर एसइई भनिन्छ । कक्षा १० का विद्यार्थीहरु यस परिक्षामा सहभागि हुन्छन् । यो परिक्षालाई विगतमा निकै महत्वका साथ हेरिन्थे । कक्षा १ देखी प्रारम्भिक शिक्षा लिएर कक्षा १० सम्म पुग्दा विद्यार्थीहरु यसलाई निकै महत्व दिन्थे । दिनरात एक गरि एसएलसीको तयारीमा जुट्थे । तर, अहिले समय परिवर्तन भएसँगै परिक्षाका साथ साथै विद्यार्थीहरु पनि परिवर्तन भएका छन् । त्यसबेला यसलाई विद्यार्थीहरुको आइरन गेट भनेर चिनिन्थे । तर अहिले यो परिक्षाको मर्यादा नै धरापमा परेको छ ।

अहिले विद्यार्थीहरु कम र अभिभावक तथा आफन्तहरु यसलाई बढी अमर्यादित गर्नेतर्फ लागेका छन् । पढ्ने विद्यार्थीले त परिक्षा मर्यादित गर्न खोज्दा पनि नपढ्ने विद्यार्थी र उनका अभिभावक तथा आफन्तहरुले यसलाई अमर्यादित गर्नेतर्फ अग्रसर भएका छन् । यस्तै परिक्षा अमर्यादित गर्नेतर्फ विद्यालय र शिक्षकहरुको पनि भूमिका कम छैन् । प्राय गरि संस्थागत विद्यालयहरु अहिले राजनीति गर्ने थलो बनेको छ । त्यसमा शिक्षकहरु त झनै राजनीति गर्न सिपालु भएका छन् । अध्यापन कम राजनीति बढी गर्ने शिक्षकहरुले विद्यार्थीहरुलाई कक्षा कोठामा विषयगत शिक्षा दिन हेलचक्राई गर्ने गरेका छन् । यतिमात्र नभएर अहिले विद्यालय व्यवस्थापन समितिले त शिक्षक नियुक्ती गरेर कमाउ खाने भाडो नै बनाएको छ । शिक्षक नियुक्ति गर्नु सकारात्मक हो । तर शिक्षक नियुक्ति गर्दा राम्रो भन्दा हाम्रो शिक्षक कसरी नियुक्त गर्ने कुरामा बढी ध्यान दिने गर्दा विद्यालयहरुको शैक्षिक वातावरण नै धरापमा परेको छ । यता सरकारले हरेक वर्ष विद्यार्थी भर्नाको नाममा करोडौ रकम खर्च गरेर विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन सकस गरिरहेको छ । तर सरकारले लिएको लक्ष्य अझै पुरा हुन सकेको छैन् ।

सुरुदेखी नै कक्षामा गुणस्तरिय शिक्षा दिनेतर्फ ध्यान केन्द्रित गरेमा पक्कै पनि सक्षम विद्यार्थी बन्ने कुरामा दुई मत नहोला । तर अहिले ती सबै कुरा किताबी पानामा सिमित भएको छ । तसर्थ कुनै पनि परिक्षालाई मर्यादित बनाउन विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयको महत्वपूर्ण जिम्मेवारी हुन्छ । यसलाई नै मनन् गरेर शिक्षकले राम्रो अध्यापन गर्नेतर्फ ध्यान पुऱ्याउन सकेमा पक्कै पनि परिक्षा मात्र मर्यादित नभई विद्यार्थी पनि असल बन्न सक्छन् ।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# माध्यमिक शिक्षा परीक्षा र हाम्रो दायित्व



**राजेश झा**

यतिबेला देशैभरि माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन भईरहेको छ । देशैभरिका ५ लाख १४ हजार ९ सय ७७ जना बालबालिका परीक्षामा सहभागी भएका छन् । सप्तरीबाट ९ हजार ३ सय २३ जना परीक्षार्थी छन् ।

गत आइतबारको अनिवार्य गणितका दिन सप्तरीबाट ७१ जना परीक्षार्थी कारबाहीमा परेका छन् । धेरै बर्षपछि सप्तरीमा यस बर्ष परीक्षामा अमर्यादित कार्य गरेपछि यति धेरै संख्यामा परीक्षार्थी कारबाहीमा परेका हुन् । हुन्त हरेक बर्ष देशैभर अमर्यादित क्रियाकलाप गर्ने परीक्षार्थी, कर्मचारी तथा निरीक्षक कारबाहीमा पर्ने गरेकै छन् तर पनि गलत कार्य गर्नबाट चेत्दैनन् ।

कुनै बेला उच्चशिक्षा अध्ययनका लागि एसएलसी परीक्षालाई फलामे ढोका भनिन्थ्यो । पछिल्लो समयमा एसएलसी एसईईमा परिणत भएको छ । नाम परिवर्तन भएपनि त्यसको महत्व भने यथावत नै छ । फलामे ढोका भनेर चिनिने माध्यमिक शिक्षा परीक्षा पछिल्लो दुई दशकदेखि एसएलसी/एसईई परीक्षा विग्रिदै गएको देखिन्छ । फलामे ढोका यतिखेर सन्ठीको ( पटुवाको डाँठ) ढोका साबित भएको छ । सन्ठीको ढोका साबित हुनुमा विद्यार्थी मात्र नभई सबै सरोकारवाला पक्षहरुको भूमिका रहेको छ ।

पछिल्लो समय सामुदायिक विद्यालयको शिक्षाको अवस्था खस्किदै गएको कारण एसईई परीक्षा अमर्यादित हुने गरेको कुरालाई नकार्न सकिन्न । एसईई परीक्षा सामुदायिक विद्यालयको कारण मात्र नभई संस्थागत विद्यालयहरुले संस्थागत रुपमै गर्ने गरेको बदमासीको कारण पनि अमर्यादित भएको हो । परीक्षा अमर्यादित हुनुमा सामुदायिक विद्यालयको शिक्षा र संस्थागत विद्यालयको सेटिङ्ग नै प्रमुख कारण होभन्दा फरक पर्दैन । संस्थागत विद्यालयले आफ्नो विद्यालयको केन्द्र परेका विद्यालयमा आफ्नै परीक्षा निरीक्षकहरु राख्नलाईं सेटिङ्ग मिलाउने र त्यसका लागि विगतमा लाखौंसम्म खर्च गर्ने गरेको समेत पाइएको छ । संस्थागत विद्यालयले मात्र होइन कतिपय सामुदायिक विद्यालयले परीक्षामा राम्रो ब्यवस्था मिलाई दिने भनेर परीक्षार्थीहरुबाट समेत रकम असुल्ने गरेको गुनासाहरु नआएका भने होइनन् ।

बर्षभरि आफ्ना छोराछोरीहरु विद्यालय गएका छन् कि छैनन् ? पढिरहेका छन् कि छैनन् ? भनी हेर्न फुर्सत नपाउने अभिभावक एसईई परीक्षाअगावै अत्यन्तै फुर्सदिला हुन्छन् र परीक्षामा आफ्ना सन्तानको लागि निरीक्षक राख्न तन मन र धनले लागि परेका हुन्छन् । परीक्षाको पूर्व र परीक्षा अवधिभर निरीक्षकको सत्कारमा अभिभावक लाग्ने गरेका छन् । सत्कार हेर्न साँझपख होटल तथा भट्टीहरुमा पस्दा छर्लङ्ग हुन्छ ।

एकातिर विद्यालयमा पढाउन तथा सिकाउन शिक्षकहरुमा रुची घट्दै गएको छ भने अर्कोतिर विद्यार्थीमा पढाई प्रतिको लगनशिलता हराउँदै गएको छ । पहिला पहिला बार्षिक परीक्षामा फेल हुने डरले पनि विद्यार्थीले पढाईमा ध्यान दिने गरेका थिए । तर पछिल्लो समय फेल गर्नु हुँदैन त्यसले विद्यार्थीको मानसिकतामा नकारात्मक प्रभाव पर्छ भन्दै कक्षोन्नति पद्धति नै परिवर्तन गरियो । हाम्रो सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर ह्रास हुनुमा यो परिवर्तन पनि प्रमुख कारक तत्व बनेको छ । फेल नै नहुने भएपछि विद्यार्थीमा पढाई प्रतिको लगनशिलतामा कमी आएको छ । पढाए पनि नपढाए पनि विद्यार्थीलाई कक्षोन्नति गर्नै पर्ने हुन्छ भनी शिक्षकमा पनि कक्षामा पढाउनेतिर रुची कम हुँदै गयो । शिक्षककै लगन, जिम्मेवारी बोध, पेशाप्रतिको मोह, बालबालिकाको माया र भावनाले प्रेरित भए मात्र कक्षा कोठामा पढाउन सक्छन् । शिक्षकमा त्यस्तो खालको भावना र जिम्मेवारी बोध नभएकाले नै सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर कमजोर भएको हो ।

लामो समयसम्म शिक्षक सेवा आयोगबाट शिक्षकको पदपूर्ति नभएको अवस्थामा विद्यालय ब्यवस्थापन समितिले शिक्षक भर्ना गरेको अवस्था छ । विगतमा ब्यवस्थापन समितिले राम्रो भन्दा पनि हाम्रोलाई रोजेर भर्ना गरेको कारण अधिकांश सामुदायिक विद्यालयको शैक्षिक अवस्था जर्जर बनेको हो । अधिकांश ब्यवस्थापन समितिले आफूलाई लाभ हुने गरी शिक्षक भर्ना गरेकै कारण योग्य र सक्षम शिक्षकको भर्ना हुन सकेन । यसप्रति अभिभावक वर्गको चासो नै हुदैन ।

दरबन्दी र विद्यार्थी अनुपातमा शिक्षकको कमीले पनि असर पारेको छ । कतिपय पालिकाहरुले कार्यविधि नै बनाएर स्वयम्सेवक शिक्षक भर्ना गरी आंशिक रुपमै भएपनि शिक्षकको अभावलाई तत्कालका लागि समाधान गर्ने प्रशंसनीय कार्य गरेको छ ।

शिक्षकको अध्यापन प्रतिको लगनशिलताको कमी, लापरबाही र राजनीति प्रतिको बढ्दो लगावका कारण पनि शिक्षा क्षेत्र धरासायी बन्दै गएको हो । निरन्तर एकै किसीमको शिक्षण शैली, शैक्षिक सामग्रीको प्रयोग नगर्नु जस्ता कारणहरुले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धीमा निष्प्रभावि बनेको हो । शिक्षक तथा विद्यार्थीको निरन्तर सिकाई उपलब्धीको मापन नगरिनु, अनुगमन निरीक्षण नगर्नु, विद्यालयको शैक्षिक वातावरणलाई राम्रो पार्नेतर्फ स्थानीय तहले ध्यान नदिनुले पनि सामुदायिक विद्यालयको शैक्षिक अवस्था खस्किएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ११ को उपदफा २ को खण्ड (ज) बमोजिम अनुगमन, निरीक्षण तथा नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिइएको छ तर स्थानीय सरकारको ध्यान भने त्यता तिर गएको देखिदैन । शिक्षा सम्बन्धी हक सुनिश्चित गर्ने दायित्व स्थानीय सरकारको हो । तर स्थानीय सरकार शैक्षिकउन्नयनका लागि उचित योजना बनाई काम गर्नबाट चुकेको देखिन्छ । स्थानीय सरकारले शिक्षाको समग्र विकासका लागि ठोस योजना निर्माण गरी त्यसको प्रभावकारी र फलदायी कार्यान्वयन गर्नु आवश्यक छ । अनिमात्र सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा सुधार ल्याउन सकिन्छ ।

सक्षम र सबल जनशक्ति उत्पादनका लागि माध्यमिक तहसम्मको शिक्षाको अवस्थालाई मजबुत पार्नु आवश्यक छ । सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाको ब्यवस्था मिलाउन सकेमा मात्र माध्यमिक शिक्षा परीक्षा मर्यादित हुन सक्छ । नभए कुनै बेलाको फलामे ढोका सन्ठीको ढोकाको रुपमा निरन्तरता पाउने नै छ र हामी हाम्रो सन्ततिलाई रेमिटान्स भित्र्याउने माध्यम बनाईरहने छौं ।

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# कागजमा लैङ्गिक समानता, व्यवहारमा असमानता

**अमृता अनमोल**
काठमाडौं, १९ चैत (रासस)।

नेपालको संविधानले महिला, पुरुष वा अन्य लिङ्गी भएकै कारण फरक व्यवहार हुन नहुने वा असमान व्यवहार गर्न नहुने प्रष्ट पारेको छ। पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकप्रतिको समान अवसर, व्यवहार र अधिकारको उपभोग हो लैङ्गिक समानता। समाजका हरेक व्यक्तिलाई सम्मानित र सुरक्षित बनाउन लैङ्गिक समानता आवश्यक छ । व्यक्तिले आत्मसम्मान महसुस गर्न शरीर, सम्पत्ति र शक्तिमा आफ्नो नियन्त्रण हुनुपर्छ। तर, महिलाका यी तीनै चिज बाँधिएका छन्। उनीहरुप्रति व्यक्ति, समाज र राष्ट्रले गर्ने पूर्वाग्रही सोचमा परिवर्तन नल्याउँदासम्म लैङ्गिक समानता संविधान र ऐन कानुनमा मात्रै हुँदोरहेछ। जुन नेपाली समाजमा देखिएको छ।

राष्ट्रिय जनगणना-२०७८ को तथ्याङ्क हेर्ने हो भने महिलाको जनसंख्या पुरुषको भन्दा छ लाख ५७ हजार छ सय ७६ बढी छ। कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ हुँदा महिला ५१.०४ प्रतिशत छन् भने पुरुष ४८.९६ प्रतिशत। महिलाको जनसंख्या बढ्दै मात्र छैन पति, बाबु, ससुरा, दाइभाइ विदेश पठाएर घर सम्हाल्ने पनि धेरै महिला बनेका छन्। यो राम्रो कुरा हो। तर, जनगणनाकै तथ्याङ्कले विदेश बस्ने जनसंख्या २१ लाख ९० हजार पाँच सय ९२ देखाएको छ। यसमा पुरुषको हिस्सा ८१.२८ प्रतिशत छ भने महिला जम्मा १८.७२ प्रतिशत छन्। पुरुषलाई वैदेशिक रोजगारीमा पठाएर घर सम्हाल्ने हुने वा आफैं कमाउने महिला बढ्दै गए पनि घरमूली बन्ने र सम्पत्तिको मालिक बन्ने महिला भने बढेका छैनन्। असमान शक्ति सन्तुलनले संरक्षणको भूमिका निभाए पनि महिलालाई मालिक बनाएको छैन। मालिक नबन्दा आफूअनुकुल सम्पत्ति उपभोग गर्न र अधिकार प्रयोग गर्न पाएका छैनन्। यसले महिलामाथिको असमान व्यवहार र थिचोमिचो हटेको छैन।

जनगणनाकै अर्को तथ्याङ्कले सम्पतिमा महिला कसरी बञ्चित छन् प्रष्ट पार्छ। तथ्याङ्कअनुसार नेपालमा २.३ प्रतिशत महिलाको मात्रै घरमा स्वामित्व छ। सम्पत्तिमा स्वामित्व हुने महिला जम्मा ९.७ प्रतिशत छन्। घरजग्गामध्ये केहीमा अर्थात सम्पत्तिमा स्वामित्व हुने महिला १.८ प्रतिशत छन्, ७४.६ प्रतिशत महिलाको घरजग्गा केहीमा पनि स्वामित्व छैन। महिलाकै जिम्मामा घरपरिवार चले पनि महिला घरमूली बन्न अझै सकेका छैनन्। नेपालका ३१.५ प्रतिशत महिला मात्रै घरमूली बन्न सकेका छन्। अर्थात घरघरमा अझै पनि पितृसत्ता छ। घरपरिवार सम्हाल्ने महिला तर घरमूली बन्ने चाहीँ पुरुष। यसले महिलामाथि आफ्नै परिवारले भर नगरेको र लैंगिक असमानता एवं विभेदलाई उदाङ्गो बनाएको छ।

नेपालको संविधानले महिलालाई आफ्नो शरीर आफ्नो अधिकारको सुनिश्चित गरेको छ। अर्थात् पहिलोपटक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक दिएको छ। यसले महिला गर्भवती हुने वा नहुने रोज्न पाउनेदेखि राज्यबाट सुरक्षित मातृत्व सेवा पाउनु पर्ने अधिकारलाई समेट्छ। विवाह गर्ने वा नगर्ने, कहिले गर्ने, को सँग गर्ने, सन्तान जन्माउने वा नजन्माउने कति जन्माउने र कहिले जन्माउने भन्ने अधिकार महिलाले निर्णय गर्न पाउँछिन्। सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ लागू गरिएको छ। तर, अहिले पनि बाबुआमाले रोजेको केटासँग विवाह नगर्दा परिवार त्याग्नुपरेका र सन्तान नजन्माउँदा पतिले छोड्ने गरेका थुप्रै घटना छन्। विवाहदेखि सन्तान जन्माउने बेलासम्म आइपुग्दा महिलामाथि थुप्रै विभेद् र हिंसा भएका छन्।

अझै पनि धेरै महिला कम उमेरमा विवाह गर्न बाध्य छन्। जनगणनाको तथ्याङ्कमा विहेवारी २० पारी भनेपनि पहिलो विवाह गर्दाको औसत उमेर महिलाको १८ छ भने पुरुषको २१ छ। विहे भएकामध्ये ४५ हजार ७७३ अर्थात् ०.५ प्रतिशत महिलाले १० वर्ष पनि नपुग्दै विहे गरेका छन्। नेपाली समाज अझै पनि छोरा जन्माउन लालायित छ। यसले छोरा र छोरीबीच गर्भदेखि नै विभेद् छ। छोरी भए जन्म नै नदिए परिपाटी बढेको छ। प्रजनन् योग्य महिलाले जन्माएका एक करोड २७ लाख नौ हजार ९६९ सन्तानमा छोरीको संख्या जम्मा ४७.३ प्रतिशत छ। जबकि छोरा ५२.७ प्रतिशत छन्। भरखर जन्मिएका सन्तानमा छोरीको संख्या करिब पाँच प्रतिशतले कमी छ। यसले भविष्यमा ठूलो लैंगिक असमानता मात्रै होइन, सङ्कट निम्ताउनेवाला छ।

लैङ्गिक समानताको अर्को सूचक हो शक्तिमा पहुँच र नियन्त्रण। यसमा पनि महिला कमजोर छन्। महिलाहरु दैनिक १८ घण्टासम्म काम गर्छन्। घरपरिवार हेर्ने र भान्सा सम्हाल्ने काम महिलामाथि छ। तर, यसलाई काम मानिन्न। पारिश्रमिक पनि दिइदैन। महिलाहरु आर्थिक उपार्जनका काममा कम सहभागी छन्। तथ्यांकअनुसार देशका ४२.९ प्रतिशत महिलाले आर्थिक उपार्जनको काम गर्दैनन्। यस्तो संख्या पुरुषको ३१.६ प्रतिशत छ। आर्थिक उपार्जनका काम गरी हाले पनि धेरै महिलाले परम्परागत काम गरेका पाइन्छन्। जस्तो कि आर्थिक काममा संलग्न महिलामध्ये ५६.९ प्रतिशत महिला कृषि मजदूरीको काम गर्छन्। २६.९ प्रतिशत अन्य पारिश्रमिकका काम गर्छन्। प्राविधिक तह, डाक्टर इन्जीनियरजस्ता विशेषज्ञता भएका काममा महिला संलग्नता असाध्यै कम छ। सेवामूलक र कम आर्थिक उपार्जनका काम गर्दा महिलाको आर्थिक पहुँच कमजोर छ। राजनीतिमा निर्णायक तहमा नहुँदा शक्ति र नियन्त्रण पनि पुरुषको हातमा छ।

लैङ्गिक असमानता हुनु भनेको महिला, पुरुष र अन्य लिंङ्गी भएकै कारण असमान र भेद्भावपूर्ण व्यवहार हुनु हो। व्यक्तिलाई आफ्नो कस्तो व्यवहारले लैङ्गिक असमानता र हिंसा भएको छ भन्ने ज्ञान नहुनु पनि हो। ज्ञान भएकाले पनि व्यवहारमा ढाल्न प्रतिवद्ध नपारिनु हो। लैङ्गिक असमानताले पुरुषलाई आर्थिक काम गर्नैपर्ने बोझ थपेको छ। महिलामाथि शरिरदेखि स्वतन्त्र बाँच्न पाउने अधिकार खोसेको छ। लैङ्गिक हिंसा थोपरेको छ। कुनै व्यक्ति महिला, पुरुष वा अन्य यौनिक पहिचान भएकै कारण गरिने हिंसा लैङ्गिक हिंसा हो। असमान शक्ति सन्तुलनका कारण लैङ्गिक हिंसा महिलामाथि धेरै छ। समाजमा महिला, पुरुष र अन्य यौनिक पहिचान भएकै नाताले उनीहरुले सम्पादन गर्नुपर्ने भूमिका, जिम्मेवारी, काम, कर्तव्य निर्धारण हुन्छ। यही कारण लैङ्गिक असमानता र हिंसा भइरहेको हो। नेपाल प्रहरीको तथ्याङ्कअनुसार हरेक चार महिलामध्ये एक जनाले कुनै न कुनै लैगिक हिंसा भोगेका छन्। बालविवाह, बहुविवाह, दाइजो, छाउपडीजस्ता हानीकारक प्रथा र जबर्जस्ती करणी, बेचबिखन, गर्भपतन जस्ता महिलालाई वस्तुका रुपमा प्रयोग गर्न खोज्ने मानसिकता लैङ्गिक हिंसाका कारक तत्व हुन्। गर्भमा छोरी भएको थाहा पाउँदा भ्रुण हत्या गर्ने प्रचलन अझै छ। धर्मका आडमा महिलामाथि गरिने विभेद् उस्तै छ। पितृसत्ताका कारण राजनीति, रोजगार, ज्याला, प्रजनन्, कार्यस्थलमा दिने जिम्मेवारी, बजेट तथा कार्यक्रममा लैङ्गिक विभेद् छ। तिनै विभेद्ले पनि हिंसा जन्मिएको छ। धेरैले रुढीवादी संस्कार मान्दा तर लैङ्गिक संवेदनशीलता नबुझ्दा हिंसा गरेको देखिन्छ।

स्वस्थ र समतामूलक समाज निर्माण गर्न लैङ्गिक समानता आवश्यक छ। त्यसका लागि लैङ्गिक संवेदनशीलता बुझ्नैपर्ने हुन्छ। समान भन्दैमा सबैलाई उस्तै अवसर र उपयोगिता नहुन सक्छ। त्यसका लागि समतामूलक व्यवहार चाहिन्छ। पुरुष, महिला र यौनिक तथा लैगिक अल्पसङ्ख्यकका लागि गर्नुपर्ने थुप्रै फरकखाले विषय हुन्छन्। त्यस्ता विषयमा राज्यले संबोधन गरिदिनुपर्छ। फरक लिङ्गीका फरक आवश्यकता बुझ्न र अहिलेसम्मको धारणा फेर्न बोलीदेखि व्यवहार, नीतिदेखि कार्यक्रमसम्म लैङ्गिक संवेदनशीलता चाहिन्छ। लैङ्गिक संवेदनशीलताले मात्रै लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा विभेद् कुरीति अन्धविश्वास अपराध बहीष्करण र बन्चितीकरणलाई अन्त्य गर्दै महिला र पुरुषबीच हुने गरेका सबै किसिमका विभेद् र असमानता हटाउन सकिन्छ। बालबालिका, किशोर, वयस्क, वृद्धा महिला र सबै लिङ्गका व्यक्तिलाई बिना भेदभाव सम्मानीत जीवनयापन गर्न सक्षम तुल्याउन सकिन्छ।

सङ्घीयता कार्यान्वयनसँगै देशमा सात प्रदेश सरकार छन्। तिनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित कम्तीमा सातदेखि १५ मन्त्रालय छन्। त्यस मातहतका महाशाखा र एक दर्जन बढी निर्देशनालय छन्। जिल्ला तहमा विषयगत डिभिजन कार्यालय खोलिएका छन्। तर, जनसंख्यामा करिब ५१ प्रतिशत महिलालाई सम्बोधन गर्न कुनै संरचना छैन। मन्त्रालय, महाशाखा, निर्देशनालय, डिभिजन कार्यालय कतै पनि महिलाको छुट्टै संरचना छैन। प्रदेश संरचना बनाउँदा महिलाको आवश्यकता, मूल्याङ्कन र भूमिका विर्सिइएको छ। सङ्घीयतामा महिला खोलो तर्यो लौरो बिर्स्यो भनेजस्तै भएको छ। लैङ्गिक समानता, महिला सशक्तीकरण बढाउन लैङ्गिकताका आधारमा हुने हिंसा घटाउन र तिनमा पैरवी गर्न छुट्टै संरचना बन्नुपर्छ। बल्ल लैङ्गिक समानता कायम राख्न र महिला अधिकारको उपलब्धि संस्थागत गर्न सहज हुनेछ।

राजनीतिक नेतृत्व तहमा लैङ्गिक वा महिला संरचना महिलाका लागि मात्रै हो भन्ने गलत बुझाइ छ। महिला वा अन्य लिङ्गीको अधिकार खोज्नु पुरुषको अधिकार घटाउने हो भन्ने गलत धारणा छ। लैङ्गिक समानता खोज्नु पुरुषलाई असमान व्यवहार गर्नु होइन। पुरुषको अधिकार खोस्नु पनि होइन। बरु पुरुषको स्थानमा महिला र अन्य लिङ्गीलाई पनि पुर्‍याउनु हो। फरक लिङ्गीका फरक पहिचान, आवश्यकता र समस्या हुन्छन् त्यसलाई बुझ्नु हो। लैङ्गिक संवेदनशीलता सबैले बुझ्न जरुरी छ। लैङ्गिक समानताका लागि महिला मात्रै होइन पुरुष पनि बोल्न र जुट्न आवश्यक छ।

## विश्व समाचार

### गाजामा ६०० इजरायली सैनिकको मृत्यु

जेरुसेलम, १९ चैत (रासस/एएफपी)।

इजरायली सेनाले गाजामा गत अक्टोबर ७ बाट सुरु भएको युद्धमा ६०० जना इजरायली सैनिकको मृत्यु भएको जनाएको छ।

इजरायली भूमिमा अक्टोबर ७ का दिन गाजामा सक्रिय हमास लडाकूले आक्रमण गरेपछि त्यसको जवाफमा इजरायलले हमास विरुद्ध युद्ध सुरु गरेको थियो।

हमासको आक्रमणमा एक जना २० वर्षीय सैनिक जवान नाडाभ कोहेनको मृत्यु भएसँगै गाजा युद्धमा मारिने सैनिकको संख्या ६०० पुगेको इजरायली सेनाले जनाएको छ।

यद्यपि यस युद्धमा इजरायली बमवारीमा परेर गाजामा ३२ हजारभन्दा बढी प्यालेस्टिनीको ज्यान गइसकेको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ। मारिनेमध्ये अधिकांश बालबालिका र महिला रहेका छन्।

गाजामा चलिरहेको यस भिषण कारबाहीबाट सर्वसाधारण निहत्था नागरिकको मृत्यु भएपछि राष्ट्रसंघ समेत अन्तर्राष्ट्रिय समुदायले तत्काल युद्धविराम गर्न इजरायल सरकारमाथि दबाब दिइरहेका छन्।

### रुसद्वारा युक्रेनको ऊर्जा पूर्वाधारमा व्यापक आक्रमण

किभ (युक्रेन), १९ चैत (रासस/एएनआई)।

युक्रेनको ऊर्जा पूर्वाधारमा रुसले बढाएको आक्रमणले दुई जना युक्रेनीको ज्यान लिनुको साथै हजारौं घरपरिवार विद्युतीविहीन भएका छन् ।

पश्चिमी लभिभ क्षेत्रमा भएको आक्रमणमा एक जना हताहत भएका छन् भने एक भवन ध्वस्त भएको छ। अल जजिराका अनुसार आक्रमण पछि भीषण आगो लागेको थियो।

यसै अवस्थामा गभर्नर मक्सिम कोजित्स्कीले टेलिग्राम मार्फत जारी उद्धार प्रयासलाई आह्वान गर्नु भएको छ। उत्तरपूर्वमा, गभर्नर ओलेह सिनिहुबोभले खार्किव क्षेत्रको पेट्रोल स्टेसनमा हवाई आक्रमण पछि एक व्यक्तिको मृत्यु भएकोमा शोक व्यक्त गर्नुभयो।

साथै, युक्रेनको दक्षिणी ओडेसा क्षेत्रमा खसालिएको रूसी ड्रोनले गरेको क्षतिले कयौं युक्रेनीलाई बिजुलीविहीन बनाएको छ। भग्नावशेषले ऊर्जा पूर्वाधारमा आगो लगाउँदा यस्तो अवस्था सिर्जना भएको अल जजिराले गभर्नर ओलेह किपरलाई उद्धृत गर्दै भनेको छ।

युक्रेनको अग्रणी निजी विद्युत प्रदायक कम्पनी डिटेकले सङ्कटको परिमाणलाई जोड दिँदै आक्रमण पछि एक लाख ७० हजार घरपरिवारले विद्युत कटौतीको सामना गरेको बताउनु भएको छ। युक्रेनी वायु सेनाले अराजकताको बीचमा रूसी आक्रमणलाई रोक्दै रुसले प्रहार गरेका११ ड्रोनमध्ये नौ र१४ वटा क्रुज मिसाइलमध्ये नौलाई खसालेको दाबी गरेको छ।

यद्यपि, डिटेकका प्रसारण केन्द्रमा भएको पछिल्लो आक्रमण युक्रेनको ऊर्जा पूर्वाधारमा व्यापक आक्रमणको एउटा अंश मात्र हो। युक्रेनी ऊर्जा कम्पनी सेन्ट्रेनेर्गोका अनुसार रूसी आक्रमणले धेरै क्षेत्रहरूमा गम्भीर क्षति पुर्‍याएको छ। उत्तरपूर्वी खार्किव क्षेत्रको आधारशिला जिमिभ थर्मल पावर प्लान्ट भग्नावशेषमा परिणत भएको छ।

आक्रमणले भौतिक विनाश भन्दा पनि कमजोर समुदायको दुर्दशा झनै बढाइदिन्छ। लगभग १२ लाख व्यक्तिहरूले जिमिभ क्षेत्रमा बिजुली कटौतीको सामना गरिरहेका छन्। मार्च २२ मा प्लान्टमा गरिएको बम हमलाबाट करिब सात लाख युक्रेनी अँध्यारोको पीडा भोग्दै छन्।

निरन्तरको आक्रमण र बिनाशका बाबजुद युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले प्रतिकूलताको सामना गर्न देशबासीसामु आग्रह गर्नु भएको छ। सम्बोधनमा राष्ट्रपति जेलेन्स्कीले पछिल्लो समयमा कुनैपनि क्षण रुसी आतङ्कवादले युक्रेनी जीवनलाई ध्वस्त पार्न लागिपरेको बताउनुभएको छ।

### अफगानिस्तानमा विस्फोट हुँदा नौ बालबालिकाको मृत्यु

काबुल, १९ चैत (रासस/सिन्ह्वा)।

अफगानिस्तानको गजनी प्रान्तमा बेवारिसे बिस्फोटक पदार्थ बिस्फोट हुँदा नौ बालबालिकाको ज्यान गएको सरकारी बख्तार समाचार एजेन्सीले सोमबार जनाएको छ।

आइतवार दिउँसो चारदेखि दश वर्ष उमेर समूहका ती बालबालिकाले बेवारिसे बम खेलाउँदा अचानक बिस्फोट भएको थियो। उनीहरु सबैको घटनास्थलमै मृत्यु भएको बख्तारले गजनीका सूचना र संस्कृति विभागका निर्देशक मुल्लाह हमिदुल्लाह निसारलाई उद्धृत गर्दै जनाएको छ।

गत मार्च २२ मा पनि दक्षिणी हेलमन्ड प्रान्तमा एक बम बिस्फोटमा परेर तीन बालबालिकाको मृत्यु भएको थियो भने अन्य दुई जना घाइते भएका थिए।

अफगानिस्तान विश्वको सबैभन्दा युद्धग्रस्त तथा बढी बारुदी सुरुङयुक्त देशहरू मध्ये एक हो जहाँ विगत चार दशक भन्दा बढी समयदेखिको युद्ध र नागरिक द्वन्द्वका कारण बिस्फोट नभएका उपकरणहरू जथाभावी फालिएका छन्।

# २८ दशमलव नौ प्रतिशतले बढे विदेशी पर्यटक

काठमाडौँ, १९ चैत (रासस)। यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटक २८ दशमलव नौ प्रतिशतले बढेका छन्। नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटकको सङ्ख्या २८ हजार सात सय ४१ ले वृद्धि भएको हो।

गत वर्षको मार्चमा कुल ९९ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएकोमा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका छन्।

मार्चमा सबैभन्दा बढी भारतीय पर्यटक आएका छन्। भारतबाट सो अवधिमा ३० हजार छ सय ९८ पर्यटक नेपाल आएका छन्। चिनियाँ पर्यटकको सङ्ख्या भने १२ हजार ९३ छ।

बोर्डका अनुसार सो अवधिमा अमेरिकाबाट १० हजार सात सय ७३ र बेलायतबाट सात हजार दुई सय ४१ जना, श्रीलङ्काबाट पाँच हजार सात सय ४१, जर्मनीबाट पाँच हजार दुई सय ५५, थाइल्याण्डबाट चार हजार तीन सय ४५, फ्रान्सबाट तीन हजार दुई सय ४० र म्यानमारबाट तीन हजार एक सय ३१ जना विदेशी पर्यटक नेपाल आएका छन्।

क्षेत्रीय हिसाबले हेर्दा एसिया (सार्क)बाट ४० हजार सात सय २७, एसिया (अन्य)बाट २८ हजार छ सय ४८, युरोपबाट २७ हजार पाँच सय ८२, ओसनियाबाट चार हजार सात सय ८० र क्यानडा र अमेरिकाबाट १२ हजार छ सय १४ जना पर्यटक नेपाल आएका छन्।

यस वर्षको जनवरीमा ७९ हजार एक सय र फेब्रुअरीमा ९७ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए। सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकोमा सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार छ सय ९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जुन ३३ दशमलव ७८ प्रतिशतले बढी हो।

# सहकारीपीडितलाई न्याय दिनेगरी संसदीय छानबिन समिति गठन गर्न माग

काठमाडौँ, १९ चैत (रासस)। नेपाली कांग्रेसकी सांसद प्रतिमा गौतमले सहकारीपीडितलाई न्याय दिनेगरी संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग गर्नुभएको छ। सङ्घीय संसद्, प्रतिनिधिसभाको सोमबारको बैठकको आकस्मिक समयमा बोल्दै सांसद गौतमले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवी छामिछानेमाथि सहकारीका रकम अनियमिततासम्बन्धी लागेको आरोपबारे संसदीय छानबिन समिति बनाएर निष्पक्ष छानबिन गर्नुपर्ने माग गर्नुभयो। सत्तापक्ष, प्रतिपक्षलगायत सबै दलको प्रतिनिधित्व हुनेगरी छानबिन समिति बनाउनुपर्ने उहाँको भनाइ थियो।

"आजभोलि सहकारीपीडितहरु यत्रतत्र भेटिन थालेका छन्। सोमबार विहान मात्रै गौशालाकी डङ्गोल थर भएकी महिला मेरो घरमा आएर आफू सहकारीबाट पीडित भएको बताउनुभयो। फुटपाथमा व्यवसाय गर्ने उहाँले सहकारीमा जम्मा गरेको रकम डुबेछ", उहाँले भन्नुभयो, "ती दिदीले रुँदै सहकारीकै कारण बर्वाद भएको बताउनुभयो। उहाँ प्रतिनिधि पात्र मात्रै हुनुहुन्छ।"

सांसद गौतमले सहकारीको समस्या एउटा व्यक्तिको मात्रै नभएर करिब ७४ लाख सदस्यको भएको बताउँदै उहाँले त्यसमध्ये करिब ६० प्रतिशत महिला र त्यसमा पनि मध्यम र निम्न मध्यमवर्गीय परिवार रहेको बताउनुभयो। उहाँले लाखौ व्यक्तिले दुःख गरेर सहकारीमा राखेको बचत जोखिममा परेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले सडकदेखि सदनसम्म, सामाजिक सञ्जालदेखि सार्वजनिक जीवनसम्म सहकारीको रकम ठगीका विषय चर्चामा रहे पनि सरकारले सहकारीपीडितको पीडा देख्न नसकेको उल्लेख गर्नुभयो। सरकारले सहकारी ठगीसम्बन्धी विषयलाई हल्कारुपमा लिन नहुने भन्दै पीडितलाई न्याय दिनुपर्नेमा जोड दिनुभयो। उहाँले सहकारीपीडितका विषयमा अनुसन्धान प्रक्रिया पूर्णरुपमा प्रभावित भएको र राजनीतिक नेतृत्वले गरेको प्रतिबद्धताप्रति विश्वासको सङ्कट सिर्जना भएको उहाँको भनाइ छ।

उहाँले सहकारीपीडितको समस्या समाधान गर्न संसदीय छानबिन समिति बनाएर अगाडि बढ्न बारम्बार संसद्समक्ष राख्दै आए पनि प्रमाण छैन भन्दै टार्दै आएको बताउनुभयो। जनताको बचत फिर्ता हुने गरी छानबिन समिति बनाउनुपर्ने उहाँको माग छ।

# आगलागीबाट ५० लाखको क्षति

**दैनिक समाचारदाता**
**सुनसरी, १९ चैत।** सुनसरीको कोशी गाउँपालिका ३ मा आइतबार भएको आगलागीबाट ५० लाखभन्दा बढीको क्षति भएको छ।

स्थानीय कादिर मियाँको घरबाट विद्युत् सर्ट भई आगलागी हुँदा मियाँका साथै उनका बुवा महम्मद अन्सारी र दाई अबुल कलाम, छिमेकी रसिद अन्सारी, इरफान अन्सारी, समला बानो अन्सारी, आरिफ अन्सारी, इस्माइल अन्सारी, समिउल्लाह अन्सारी र जैनुदिन अन्सारीको घर जलेर नष्ट भएको हो।

कोशी ३ का वडाध्यक्ष सुलेमान मन्सुरीले आगलागीबाट नगदसहित, धान, गहुँ, चामल, गरगहना, लत्ताकपडा, चौपायालगायतको क्षति भएको जानकारी दिए।

कोशी गाउँपालिका, इनरुवा, रामधुनी र इटहरीको बारुणयन्त्र, स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसहितको सहयोगमा आगो निभाइएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

# पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ वृद्धि

**दैनिक समाचारदाता**
**काठमाडौँ, १९ चैत।** पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँले वृद्धि भएको छ। वृद्धि भएको मूल्यअनुसार सोमबारदेखि पेट्रोलको प्रतिलिटर मूल्य एक सय ७५ पुगेको हो।

नेपाल आयल निगम नयाँ खरिद मूल्यअनुसार पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँ ७६ पैसाले बढेर आएको हो। निगमले अन्य पेट्रोलियम पदार्थको बिक्री मूल्य हाललाई यथावत् रहेको निगमले जनाएको छ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा पेट्रोलको प्रतिलिटर मूल्य रुपैयाँ एक सय ७२ रुपैयाँ ५० पैसा रहेको छ। यस्तै, दोस्रो वर्गअन्तर्गतका काठमाडौँ, पोखरा र दिपायल जिल्लामा प्रतिलिटर रु एक सय ७४ मूल्य कायम गरिएको छ।

### *कार्यालय प्रमुखमाथी ...*

प्रमुख जिल्ला अधिकारी किरण थापालाई एक ध्यानाकर्षण पत्र समेत बुझाएका छन्। प्रमुख जिल्ला अधिकारी थापालाई कर्मचारीहरुको तर्फबाट बुझाइएको पत्रमा हातपात र दुर्व्यबहार गर्नेहरुमाथी कारवाही नहुनजेलसम्म कार्यालयको सम्पुर्ण कामकाज बन्द रहने उल्लेख छ।

### *सरसफाइप्रति ...*

रातबिरात गारो हुन्छ भने आवाज नउठाएको हैन यद्यपि उनीहरुको आवाजलाई पवित्रीले नसुनेको जस्तो गरेको स्वीकार गरेकी छिन।

यसै क्रममा एक दिन सबल नेपालका कर्मचारीहरुले पुर्ण सरसफाइका लागि बानी व्यवहार परिवर्तन सम्बन्धी अभियानको क्रममा पावित्रीको घरमा पुगेर सरसफाइ तथा स्वच्छताको अवस्था निक्कै दयनीय देखिएकोले तत्काल उनलाई गाँउमा हुने गरेको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धीको अभिमुखिकरणमा सहभागिताको लागि अनुरोध गरे र संग संगै उनलाई सरसफाइ तथा स्वच्छता सम्बन्धी परामर्श पनि गर्न थाले बिस्तारै पावित्रिले तालिममा तथा कर्मचारीहरुको परामर्शबाट सरसफाइ तथा स्वच्छता बाट हुने फाईदाहरु, आफ्नो तथा आफ्नो परिवारलाई यस बाट हुन सक्ने फाईदा एवं आफ्नो छोरीहरुले यसको कारण भोग्दै आएको समस्याहरु सम्झेर उसलाई आफुले गरेको गल्तीको गलानी भएको र तत्कालै घरमा चर्पी बनाउनका लागि विदेशमा रहेको आफ्नो श्रीमानसंग सल्लाह गरी जीर्ण रहेको चर्पीलाई नयाँ चर्पी बनाएको छ भने सुरक्षित पानीका लागि आँगनको ट्युवेललाई बाढिको पानी नपसोस भनेर जमीन सतह भन्दा ४ फिट अग्लो बनाई कलमुनि प्लेटफर्म बनाएको छ। यसै गरी उसले कल नजिकै साबुन पानीले हात धुने स्थान, भाँडा वर्तन सुकाएर राख्ने रयाक एंव घर आँगन सधै सफा सुग्घर राख्ने गरेको छ।

पावित्रीको व्यवहारमा आएको परिवर्तनदेखि उनका छिमेकीहरु दंग छिन्। जनचेतनाको अभावले छोरा पढाउन नसकेकोले उनी पछुतो गर्दै आगामि दिनमा आफनो दुवै छोरीलाई १० कक्षा सम्म पढाउने उसले निधो गरेकी छिन्।

सबल नेपालले सन् २०१८ देखि सिरहा जिल्लाको विभिन्न नगरपालिका तथा गाँउपालिकाहरुमा Up-scaling WASH System Strengthening Approach in the Terai Region of Nepal (NPL 1082-22) परियोजना BMZ/VCA तथा WelthHungerHilfe WHH को सहयोगमा संचालनमा रहेको छ। यस परियोजनाको मुख्य लक्ष्य सामुदायिक संलगनता मार्फत पानी सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनलाई प्रवंधन गर्नु, उपभोक्तालाई गुणस्तरीय खानेपानी सरसफाइ र स्वच्छता सेवा उपलब्ध गराउनु तथा स्थानीय शासनको क्षमतामा अभिवृद्दि गराई उनीहरुको अपनत्व बोध गराई नेतृत्व कायम गराउनु रहेको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*